# स्थानीय राजपत्र

## निस्दी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ८,  संख्या ७,  मिति २०८१/०९/२४**


**भाग २**

**निस्दी गाउँपालिका**

**लुम्बिनी प्रदेश, नेपाल**

# महिला शिक्षक प्रसुति बिदाको सट्टामा शोधभर्ना अनुदान कार्यान्वयन कार्यविधि, २०८१

निस्दी गाँउपालिकामा सञ्चालित सामुदायिक विद्यालयहरुमा महिला शिक्षक प्रसुति विदामा रहंदा विद्यालयको पठनपाठनमा पर्न जाने शैक्षिक क्षतिलाई न्यून गर्ने उपाय स्वरुप शिक्षकको बैकल्पिक व्यवस्थापन गर्न मनासिब ठानी गाउँपालिकाले आ. ब. २०८१/८२ को बार्षिक बजेटमा गाउँपालिकाको आन्तरिक स्रोतबाट महिला शिक्षक प्रसुति विदाको सट्टामा शिक्षक व्यवस्थापन गर्न शोधभर्ना अनुदान विनियोजन गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा(२) बमोजिम निर्मित निस्दी गाँउपालिकाले सामुदायिक विद्यालयमा "महिला शिक्षक प्रसुति विदाको सट्टामा शोधभर्ना अनुदान कार्यान्वयन कार्यविधि- २०८१" निस्दी गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

प्रकाशित मितिः २०८१/०९/२४

**महिला शिक्षक प्रसुति बिदाको सट्टामा शोधभर्ना अनुदान कार्यान्वयन कार्यविधि, २०८१**

**प्रस्तावना:** निस्दी गाँउपालिकामा सञ्चालित सामुदायिक विद्यालयहरुमा महिला शिक्षक प्रसुति विदामा रहंदा विद्यालयको पठनपाठन लगायत दैनिक कामकाज प्रभावित भएको अवस्था छ । त्यसबाट पर्न जाने शैक्षिक क्षतिलाई न्यून गर्ने उपाय स्वरुप शिक्षकको बैकल्पिक व्यवस्थापन गर्न मनासिब ठानी गाउँपालिकाले आ. ब. २०८१/८२ को बार्षिक बजेटमा गाउँपालिकाको आन्तरिक स्रोतबाट महिला शिक्षक प्रसुति विदाको सट्टामा शिक्षक व्यवस्थापन गर्न शोधभर्ना अनुदान विनियोजन गरेको छ । यसलाई व्यवस्थित रुपमा संचालन गर्न आवश्यक रहेकोले निस्दी गाँउपालिकाले सामुदायिक विद्यालयमा **महिला शिक्षक प्रसुति विदाको सट्टामा शोधभर्ना अनुदान कार्यान्वयन कार्यविधि- २०८१** जारी गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१) सक्षिप्त नाम र प्रारम्भ**

१.यस कायविधिको नाम " **महिला शिक्षक प्रसुति बिदाको सट्टामा शोधभर्ना अनुदान कार्यान्वयन कार्यविधि- २०८१**" रहेको छ। यो कार्यविधि स्वीकृत भएको मिति देखि लागु हुनेछ।

२) **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

क. **गाँउपालिका** भन्नाले निस्दी गाँपालिका सम्झनु पर्छ।

ख. **कार्यपालिका** भन्नाले निस्दी गाँउपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

ग. **कार्यविधि** भन्नाले निस्दी गाँउपालिकाको **महिला शिक्षक प्रसुति विदाको सट्टामा शोधभर्ना अनुदान कार्यान्वयन कार्यविधि- २०८१** सम्झनु पर्दछ।

घ. **विद्यालय** भन्नाले निस्दी गाउँपालिकामा सञ्चालित विद्यालयलाई सम्झनु पर्दछ।

ङ. **विद्यार्थी** भन्नाले निस्दी गाउँपालिका विद्यालयहरुमा अध्ययनरत विद्यार्थीलाई सम्झनु पर्दछ।

च. विद्यालय व्यवस्थापन समिति भन्नाले ऐनको दफा १२ को उपदफा १ बमोजिम सामुदायिक विद्यालयको संचालन, रेखदेख र व्यवस्थापन गर्न गठन भएको समितिलाई सम्झनु पर्दछ।

छ. **शिक्षक अभिभावक संघ भन्नाले** विद्यालयको शैक्षिक गुणस्तर विकासको लागि नियमानुसार गठन भएको शिक्षक अभिभावक संघ लाई सम्झनु पर्दछ।

ज. प्र.अ. भन्नाले विद्यालयको शैक्षिक एवं प्रशासकीय प्रमुख लाई सम्झनु पर्दछ।



...अर्याल
...कीय अधिकृत

झ. <u>**महिला शिक्षक**</u> भन्नाले निस्दी गाउँपालिकाका विद्यालयहरुमा कार्यरत महिला शिक्षकलाई सम्झनु पर्दछ। सो शब्दले प्रारम्भिक बालविकास केन्द्रमा कार्यरत शिक्षकलाई समेत जनाउंदछ ।

## परिच्छेद -२
## उदेश्य

**३. उदेश्यः** यस कार्यविधिका उदेश्य देहायबमोजिम रहेका छन्।

१. निस्दी गाँउपालिकाका विद्यालयहरुमा महिला शिक्षकहरु प्रसुति बिदामा रहेको बखत शैक्षिक क्षति हुन नदिन शिक्षकको वैकल्पिक व्यवस्था गर्ने,

२. निस्दी गाँउपालिका अन्तर्गतका विद्यालयमा शैक्षिक क्षति न्यून गर्ने,

३. शिक्षण सिकाइ र नतिजा सुधार व्यवस्थित गर्ने ।

## परिच्छेद-३
## समिति सम्बन्धी व्यवस्था

**४. अनुगमन-मूल्यांकन समितिः** गाँउपालिकावाट **महिला शिक्षक प्रसुति विदाको सट्टामा शोधभर्ना अनुदान** कार्यान्वयन, मार्गदर्शन, मूल्यांकन प्रयोजनका लागि देहाय बमोजिमको अनुगमन -मूल्यांकन समिति रहने छ।

| | |
|---|---|
| १. गाँउपालिका अध्यक्ष | संयोजक |
| २. गाँउपालिका उपाध्यक्ष | सदस्य |
| ३. गाँउपालिका प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. सामाजिक विकास समिति संयोजक | सदस्य |
| ५. योजना तथा प्रशासन अधिकृत | सदस्य |
| ६. गाँउपालिका लेखा अधिकृत | सदस्य |
| ७. शिक्षा शाखा,प्राविधिक सहायक | सदस्य |
| ८. शिक्षा शाखा संयोजक | सदस्य-सचिव |

**५. अनुगमन-मूल्यांकन समितिको भूमिकाः** दफा ४ वमोजिम गठित समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ।

क. अनुदान कार्यान्वयनमा सहजिकरण गर्ने,

ख. अनुदान कार्यान्वयनमा सम्वन्धमा नीतिगत मार्गदर्शन गर्ने,

ग. अनुदान कार्यान्वयनको प्रगति र नतिजाको समग्र मूल्यांकन गर्ने।

मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश,नेपाल
मित्याल,पाल्पा

## परिच्छेद-४
## बिभिन्न पक्षहरुको भूमिका

**६. गाँउपालिकाको भूमिकाः**

क. पालिका अन्तर्गतका विद्यालयहरुबाट प्राप्त विवरण संकलन गरी प्रसुति विदामा रहेका/रहने शिक्षकको सत्यापन गर्ने,

ख. वैकल्पिक शिक्षक व्यवस्थापनमा सहजीकरण गर्ने,

ग. वैकल्पिक शिक्षक व्यवस्थापनको प्रमाणीकरण र अभिलेख राख्ने,

घ. योजना तर्जुमा गरी बजेट विनियोजन गर्ने,

ङ. कार्यविधि निर्माण गरी कार्यान्वयनको प्रकृया तय गर्ने,

च. कार्यान्वयन अवधिभर नियमित अनुगमन गरी पृष्ठपोषण गर्ने,

छ. बजेट निकाशा एवं अनुदानको प्रभावकारीताको विश्लेषण गरी आगामी दिनका लागि मार्गदर्शनका रुपमा लिने।

**७. विद्यालयको भूमिका** : अनुदान कार्यन्वयनमा विद्यालयहरुको भुमिका देहाय बमोजिम हुनेछ।

क. आफ्नो विद्यालयमा कार्यरत प्रसुति विदामा रहेका/रहने शिक्षकको पहिचान गर्ने,

ख. प्रसुति विदामा रहेका/रहने शिक्षकको निवेदन संकलन गर्ने,

ग. वि.व्य.स.को निर्णय सहित गाउँपालिकामा विवरण पेश गर्ने,

घ. गाउँपालिकाबाट अनुमति लिई छनौट प्रक्रिया अनुसार शिक्षक नियूक्ति गरी प्रमाणीकरणका लागि गाउँपालिकामा फाइल पेश गर्ने,

ङ. नियमानुसार हाजिरी प्रतिवेदन सहित रकम माग गर्ने,

च. रकम निकाशा पश्चात नियमानुसार भुक्तानी दिई भरपाईहरु पालिकामा पेश गर्ने।

## परिच्छेद-५

## विविध

**८. बजेट सम्बन्धी व्यवस्थाः** अनुदान कार्यान्वयन गर्न गाँउपालिकाबाट विनियोजन भएको बजेटबाट कार्यरत अवधिभर शिक्षकको तह बमोजिम प्रचलित शुरु स्केलले हुन आउने रकम भूक्तानी पाउनेछ।

**९. संशोधनः** निस्दी गाउँकार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ ।

मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले
मदन अर्याल
प्रमुख प्रशासकिय अधिकृत